Annex 8

विपद् व्यवस्थापन ऐन, २०६३

(Disaster Management Act, 2063)

विपद्को प्रभावकारी रूपमा व्यवस्थापन गर्नको लागि बनेको ऐन, २०६३

Submitted to
Government of Nepal, Ministry of Home Affairs and National Planning Commission

Jointly by

Nepal Centre for Disaster Management (NCDM)
Pulchowk, Lalitpur, Nepal
Tel: 00977-1-5530668,
Fax: 5528493
e-mail: ncdm@wlink.com.np

Oxfam GB - NEPAL
Country Programme Office
Jawalakhel, Lalitpur
GPO Box 2500, Kathmandu, Nepal
Tel: + 977-1- 553-0574 / 552-0586
Fax: + 977 - 1 - 552-3197
oxnepal@oxfam.org.uk

विपद् व्यवस्थापन ऐन, २०६३

विपद्को प्रभावकारी रूपमा व्यवस्थापन गर्नको लागि बनेको ऐन

प्रस्तावना : विपद्को पूर्वतयारी, न्यूनीकरण, उद्धार तथा राहत, पुनर्स्थापना तथा पुनर्निर्माण तथा यससित सम्बन्धित विभिन्न कार्यहरू व्यवस्थित तथा प्रभावकारी रूपमा समन्वय गरी जनजीवनलाई असर पार्ने विभिन्न प्रकारका विपद्हरूबाट जनताको जीउधन तथा व्यक्तिगत एवं सार्वजनिक सम्पत्तिको सुरक्षा र सुविधा कायम गर्न वाञ्छनीय भएकोले,

नेपालको संसदले यो ऐन बनाई जारी गरेको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम विपद् व्यवस्थापन ऐन, २०६३ रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "विपद्" भन्नाले कुनै पनि ठाउँमा विपत्तिपूर्ण अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापनमा प्रतिकूल असर परी स्थानीय उपलब्ध साधन, स्रोत एवं क्षमताबाट समाधान हुन नसक्ने, बाह्य सहयोगको पनि आवश्यकता पर्न सक्ने, दु:खद तथा कष्टपूर्ण प्राकृतिक वा गैह्रप्राकृतिक दुबै अवस्थाको विपत्तिलाई जनाउने छ ।

(ख) "प्राकृतिक विपद्" भन्नाले जल एवं जलवायुजन्य विपद् जस्तै हिमपात, हिमपहिरो, हिमताल विस्फोटन, खडेरी, बाढी, हुरिबतास, शीतलहर, तातोहावाको लहर, चट्याङ, असिनापानी; भौगर्भिक विपद् जस्तै भूकम्प, पहिरो; एवं अन्य प्रकारका विपद् जस्तै महामारी, अनिकाल, डढेलो, कीटआतङ्क, सूक्ष्मजीवाणु आतङ्क, जनावरआतङ्क तथा यस्ता अन्य कुनै पनि प्रकारको विपद्लाई समेत जनाउने छ ।

(ग) "गैह्रप्राकृतिक विपद्" भन्नाले औद्योगिक विपद् जस्तै खानी दुर्घटना, औद्योगिक विस्फोटन, आगलागी, विषाक्त ग्याँस तथा रसायन चुहावट, विकीरणस यातायातजन्य विपद् जस्तै हवाइ, सडक, रेल, पानीमा चलाइने सवारी साधनको दुर्घटना, प्राकृतिक

ग्याँसको विष्फोटन र अन्य प्रकारका घटना जस्तै भागदौड, हुलदङ्गा, आतङ्क सिर्जना गर्ने खालका क्रियाकलाप, भौतिक संरचना भत्किई हुने क्षति आदिलाई जनाउने छ ।

(घ) "पूर्वतयारी अवस्था" भन्नाले विपद् हुनु पूर्वको समयलाई जनाउने छ ।

(ङ) "उद्धार तथा राहत अवस्था" भन्नाले विपद् हुनासाथको समय र उद्धार तथा राहत कार्य जारी रहेको अवस्थालाई जनाउने छ ।

(च) "पुनर्स्थापना र पुनर्निर्माण अवस्था" भन्नाले उद्धार एवं राहत कार्य सम्पन्न भईसकेपछिको पुनर्स्थापना तथा पुनर्निर्माणको अवस्थालाई जनाउने छ ।

(छ) "विपद् व्यवस्थापन अधिकारी" भन्नाले विपद् व्यवस्थापन कार्यमा संलग्न सरकारी, गैह्रसरकारी सामुदायिक एवं सामाजिक संघ संस्था, नागरिक समाजका पदाधिकारीलाई समेत जनाउने छ ।

(ज) "विपद् व्यवस्थापन परिषद्" भन्नाले दफा ७ बमोजिम गठित विपद् व्यवस्थापन परिषद् सम्झनु पर्दछ ।

(झ) "सचिवालय" भन्नाले दफा १० अन्तर्गतको परिषद्को सचिवालयलाई सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले पूर्वतयारी, उद्धार तथा राहत र पुनर्स्थापना तथा पुनर्निर्माण व्यवस्थापन समिति समेत सबै समितिलाई जनाउने छ ।

(ट) "कार्यकारी निर्देशक" भन्नाले दफा १० अन्तर्गत नियुक्त भएको परिषद्को सदस्यसचिव सम्झनु पर्दछ ।

(ठ) "विपद् व्यवस्थापन कक्ष" भन्नाले आपतकालीन खोजी लगायत उद्धार तथा राहत अवस्थामा व्यवस्थापन कार्यका लागि स्थापना गरिएको कक्षलाई जनाउने छ ।

(ड) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत गठित स्थानीय निकाय सम्झनु पर्दछ ।

(ढ) "नगरपालिका" भन्नाले महानगरपालिका, उप-महानगरपालिका तथा नगरपालिका समेतलाई जनाउने छ ।

(ण) "विपद् व्यवस्थापन" भन्नाले विपद्वाट हुने क्षतिको न्यूनीकरणका लागि गरिने पूर्वतयारी, उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निर्माण समेतका सम्पूर्ण क्रियाकलापहरू सम्झनु पर्दछ ।

(त) "आपतकालीन अवस्था" भन्नाले उद्धार तथा राहत तत्काल उपलब्ध गराउन आवश्यक हुने परिस्थितिलाई जनाउने छ ।

(थ) "विपद् उद्धार समूह" भन्नाले विपद् परेका अवस्थामा खोजी तथा उद्धार गर्न सहयोग पुऱ्याउनुका साथै विपद् व्यवस्थापनका अन्य अवस्थामा परिचालन गर्न तयार गरिएका विशिष्टीकृत उद्धार समूहलाई जनाउने छ ।

(द) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

परिच्छेद -२
विपद् व्यवस्थापनका विभिन्न चरणहरूमा गरिने कार्यहरू

३. पूर्वतयारी अवस्थामा गरिने प्रमुख कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) प्राकृतिक विपद्को सम्भावित असरलाई न्यून गर्न जोखिमयुक्त स्थानहरूको पहिचान गर्ने एवं त्यस्ता स्थलको नक्साङ्कन गर्ने,

(ख) जनचेतना अभिवृद्धि, जोखिम मूल्याङ्कन, पूर्वचेतावनी संयन्त्रको स्थापना गर्ने,

(ग) विपद्को सामना गर्न स्थानीय क्षमता एवं दक्षताको अभिवृद्धि, सूचना प्रवाह एवं एकीकृत सञ्जालको विकास गर्ने,

(घ) अस्पताल एवं स्वास्थ्यचौकीमा आपतकालीन उपचारका लागि पर्याप्त सुविधाको व्यवस्था तथा विकास गर्ने,

(ङ) औपचारिक एवं अनौपचारिक शिक्षाका विभिन्न तहको पाठ्यक्रममा विपद्सम्बन्धी विषय समावेश गर्ने,

(च) विपद् व्यवस्थापन योजना, विपद् समायोजित विकास योजना, भू-उपयोग योजना, अग्नि संहिता तथा भवन निर्माण संहिता आदि तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) विपद्को सामना गर्नका लागि योजना बनाउने र आवश्यकता अनुसार प्रतिरोधात्मक संयन्त्र एवं सामग्रीहरू सार्वजनिक निकायहरूमा तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने र सम्पर्क विन्दु तोक्ने,

(ज) देशभित्र कार्यान्वयन गरिने सम्पूर्ण विकास एवं निर्माणका संरचनाहरूको विपद् प्रभाव मूल्याङ्कन अनिवार्य रूपमा गर्ने,

(झ) विपद्को असर एकभन्दा बढी जिल्लाहरूमा पर्ने देखिएमा संयुक्त रूपमा योजना तयार गरी तद्अनुरूप कार्यान्वयनको व्यवस्था मिलाउने,

(ञ) सार्वजनिक भवन तथा अन्य भौतिक संरचनाहरू निर्माण गर्दा स्थानीय निकायसँग समेत समन्वय गरी विपद् प्रतिरोधात्मक उपायको अवलम्बन गर्ने, निर्माण भैसकेका संरचनाहरूको सो अनुरूप सवलीकरण गर्ने,

(ट) जोखिमयुक्त स्थलहरूमा बस्ती बिस्तार गर्न नियन्त्रण गर्ने, त्यस्ता बस्तीहरूको संरक्षणका साथै आवश्यकता अनुसार स्थानान्तरण गर्ने र स्थानान्तरण गर्दा गरिब, महिला, ज्येष्ठ नागरिक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिने,

(ठ) विपद् व्यवस्थापन सम्बन्धी आपतकालीन स्वास्थ्य सेवा, उद्धार तथा राहत कार्य, स्थानीय क्षमता अभिवृद्धि आदि जस्ता तालिम सन्चालन गर्ने र यस्ता तालिममा गरिब, महिला तथा पिछडिएका वर्गहरूलाई प्राथमिकता दिने,

(ड) सामुदायिक तहमा आपतकालीन आश्रयगृह तथा अन्य आवश्यक सुविधाको व्यवस्था गर्ने,

(ढ) आवश्यकता अनुसार ऐन, कानुन, नियम, निर्देशिकाहरूको व्यवस्था गरी अद्यावधिक गर्ने तथा प्रशासनिक कार्यप्रणालीलाई आपतकालीन अवस्थामा प्रयोगका लागि दुरुस्त राख्ने,

(ण) विपद् व्यवस्थापनका लागि आवश्यक पर्याप्त साधन, स्रोत र बजेटको व्यवस्था गर्ने,

(त) उपयुक्त स्थानहरूमा भण्डारगृह निर्माण गरी पर्याप्त मात्रामा तोकिएको मापदण्ड अनुसार खाद्यान्न, औषधि एवं अन्य उद्धार तथा राहत सामग्री भण्डारण गर्ने,

(थ) विपद्बाट जोगिने पूर्वाभ्यास कार्यक्रमको योजना बनाउने र कार्यान्वयन गर्ने,

(द) विपद्सम्बन्धी कार्यमा सबै सरोकारवालाहरू बीच समन्वय एवं सहकार्य अभिवृद्धि गर्ने,

(ध) जनधनको क्षतिलाई न्यून गर्ने उद्देश्यले विपद्का घटना घट्नु पूर्व गरिने अन्य सम्पूर्ण कार्यहरू गर्ने, आदि ।

४. उद्धार तथा राहत अवस्थामा गरिने प्रमुख कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) प्राकृतिक एवं गैह्रप्राकृतिक विपद्को प्रारम्भिक जानकारी लिने/दिने,

(ख) सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिज्ञ, नागरिक समाज, सरोकारवाला समुदाय आदि सम्मिलित खोजी तथा उद्धार टोलीको तत्काल गठन तथा परिचालन गर्ने,

(ग) राहतस्वरूप खाना, बच्चाको आहार, खानेपानी, लत्ताकपडा, भाँडाकुँडा तथा आर्थिक सहयोग तत्काल उपलब्ध गराउने,

(घ) अस्थायी आवास, स्वास्थ्यसेवा, खानेपानी, सरसफाई, शौचालय, सुरक्षा आदिको तत्काल व्यवस्थापन गर्ने,

(ङ) टेलिफोन, फ्याक्स, इमेल, रेडियो स्टेसन, टेलिभिजन जस्ता सञ्चार सुविधालाई सुचारु गर्ने एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना प्रवाहका समस्त माध्यमलाई व्यवस्थित र सन्चालन गर्ने,

(च) स्थानीयस्तरमा नै औषधि उपचारको व्यवस्था र गम्भीर अवस्थाका घाइतेहरूलाई सुविधा सम्पन्न अस्पतालहरूमा तत्काल स्थानान्तरण गर्ने,

(छ) कुनै जिल्लामा विपद् परेको अवस्थामा अन्य जिल्लाहरूले समेत आवश्यकता अनुसार उद्धार तथा राहत र अन्य सबै आवश्यक कार्यमा सहयोग गर्ने,

(ज) उद्धार तथा राहत सामग्री तथा प्रभावित जनसमुदाय वा व्यक्तिहरूको ओसारपसारका लागि घटनास्थलसम्म पहुँच पुऱ्याउन अवरुद्ध सडक यातायात, विमानस्थल आदि सुचारु गर्ने तथा यातायातका साधनको व्यवस्था गर्ने ,

(झ) उद्धार तथा राहत कार्यलाई व्यवस्थित गर्न तथा प्रभावित जनसमुदायलाई सहयोग पुऱ्याउन उपयुक्त स्थानहरूमा विपद् व्यवस्थापन अस्थायी कक्ष तत्काल स्थापना गर्ने,

(ञ) विपद्बाट असर परेकाहरूको मनोसामाजिक अवस्थिति एवं जीवनयापनलाई सहज तुल्याउन सहयोगी हुने कार्यहरू गर्ने,

(ट) उद्धार एवं राहत कार्यलाई प्रभावकारी बनाउन सरोकारवाला सवैसँग सहकार्य गर्ने तथा आवश्यक साधन, स्रोत र पर्याप्त बजेट आदिको व्यवस्था गर्ने,

(ठ) विपद् परेका क्षेत्रहरूमा उपलव्ध स्रोत, साधन एवं सीपको अधिकतम रूपमा उपयोग गर्ने तथा व्यवस्थापन कार्यमा स्थानीय व्यक्तिहरूलाई व्यापक रूपमा सहभागी बनाउने,

(ड) विपद्को घटना घट्ना साथै त्यस्ता घटनाबाट तल्लो तटीय क्षेत्रमा पर्न जाने असरलाई कम गर्न त्यस्ता क्षेत्रबाट असर पर्न सक्ने जनसमुदायलाई उद्धार गर्ने, गराउने,

(ढ) विपद्का अवस्थामा आवश्यक पर्ने खाद्यान्न एवं अन्य सरसामान जगेडाको रूपमा राख्ने प्रक्रियाका सम्बन्धमा सरोकारवालाहरूसँग समेत समन्वय कायम गर्ने,

(ण) विपद् परेका स्थानका बासिन्दाहरूलाई नेपाल सरकारका तर्फबाट जीउधनको भरपर्दो सुरक्षा उपलब्ध गराउने,

(त) विपद्का घटना घट्नासाथ तत्कालै गरिने अन्य सम्पूर्ण कार्यहरू गर्ने ।

५. पुनर्स्थापना तथा पुनर्निर्माण अवस्थामा गरिने प्रमुख कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) विपद्बाट भएको क्षतिको विस्तृत मूल्याङ्कन गर्ने,

(ख) योजना तर्जुमा गरी क्षतिभएको कृषि, भूमि, भवन तथा अन्य भौतिक पूर्वाधारहरू जस्तै: खानेपानी, सिंचाई, पुल, सडक, विद्युत, सञ्चार आदिको मर्मतसंभार तथा नयां' निर्माण गर्न सहयोग पुऱ्याउने,

(ग) विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापहरूको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना एवं जीवनयापनका लागि आयमूलक कार्यहरू सन्चालन गर्ने,

(घ) पुनर्स्थापना एवं पुनर्निर्माण कार्य सन्चालन गर्ने र विपद् न्यूनीकरण प्रविधिको प्रयोग गर्ने,

(ङ) विभिन्न निकायहरूबाट गरिने पुनर्स्थापना एवं पुनर्निर्माणका कार्यहरूलाई समन्वय गर्ने संयन्त्रको विकास गरी तदनुरूप कार्यान्वयन गर्ने,

(च) पुनर्स्थापना एवं पुनर्निर्माण कार्यमा गैह्रसरकारी संस्था, निजीक्षेत्र एवं जनसमुदायलाई उपयुक्तता अनुसार अधिकतम रूपमा संलग्न गराउने एवं सामुदायिक अवधारणालाई प्राथमिकता दिने,

(छ) सहुलियतपूर्ण ऋण, अनुदान तथा अन्य सहयोग प्रदान गर्ने र यसरी सहयोग प्रदान गर्दा गरिब, महिला, ज्येष्ठ नागरिक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिने,

(ज) पर्याप्त बजेट तथा अन्य साधन स्रोतको व्यवस्था गर्ने,

(झ) विपद्वाट असर परेका व्यक्तिहरूका लागि गरिने मनोसामाजिक परामर्श लगायतका अन्य सम्पूर्ण कार्यहरू गर्ने,

(ञ) पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी अन्य सम्पूर्ण कार्यहरू गर्ने ।

परिच्छेद -३
नेपाल सरकारको काम, कर्तव्य र अधिकार

६. यस ऐन अन्तर्गत नेपाल सरकारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सबै विपद् व्यवस्थापन अधिकारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा प्रभावकारी व्यवस्थापनका लागि पूर्वतयारी, उद्धार तथा राहत, पुनर्स्थापना तथा पुनर्निर्माण अवस्था अन्तर्गत गरिने कार्यहरू गर्न लगाउनु नेपाल सरकारको मुख्य कर्तव्य हुनेछ ।

(२) परिषद्मार्फत प्रमुख जिल्ला अधिकारीले विपद् सम्भाव्यक्षेत्र घोषणा गर्नका लागि पेश गरेको प्रतिवेदनउपर विचार गरी विपद्को सम्भाव्य जोखिम देखिएमा नेपाल सरकारले नेपाल राजपत्र तथा कुनै राष्ट्रिय दैनिक पत्रिकामा समयावधि तोकी सूचना प्रकाशित गरी विपद् सम्भाव्यक्षेत्रको घोषणा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको घोषणा पहिलो पटक १५ दिनसम्म जारी रहने छ । परिषद् मार्फत सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सिफारिस गरेमा आवश्यकता अनुसार घोषणाको अवधि बढाई उपदफा (२) मा उल्लिखित माध्यमबाट जानकारी गराउनु पर्नेछ ।

(४) नेपाल सरकारले आवश्यक देखेमा विपद्बाट असर परेको क्षेत्रको सिमाना तोकी नेपाल राजपत्र तथा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको अवधिको लागि सङ्कटग्रस्त क्षेत्रको घोषणा गर्न सक्नेछ ।

तर, उपदफा (४) बमोजिमको अवधिभित्र विपद्बाट उत्पन्न स्थितिलाई काबुमा ल्याउन नसकिएमा नेपाल सरकारले त्यस्तो अवधि नेपाल राजपत्र तथा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी आवश्यकता अनुसार बढाउन सक्नेछ ।

(५) सङ्कटग्रस्त क्षेत्र वा विपद् सम्भाव्यक्षेत्रमा आवश्यकता अनुसार सरकारी वा गैह्रसरकारी कार्यालय, शिक्षण संस्था तथा अन्य संघ संस्थाहरूलाई आवश्यक अवधिको लागि बन्द गर्न सक्नेछ ।

(६) सङ्कटग्रस्त क्षेत्रमा विपद् व्यवस्थापन कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै पनि काम कार्वाही गर्न नदिने ।

(७) सङ्कटग्रस्त क्षेत्रभित्रका व्यक्ति तथा सम्पत्तिलाई सुरक्षित स्थानमा सार्ने तथा सार्न लगाउने ।

(८) सरकारी, अर्धसरकारी तथा गैह्रसरकारी कार्यालय वा संघ संस्थाका कर्मचारीहरूलाई काजमा खटाउने ।

(९) उद्धार तथा राहतका लागि वैदेशिक सहायता अन्तर्गत प्राप्त हुने सामग्रीहरू देशभित्र पैठारी गर्नका लागि सरल प्रक्रिया र त्यस्ता सामग्रीमा भन्सार छुटको व्यवस्था मिलाउने ।

(१०) राहत सामग्री ओसारपसार गर्नका लागि आवश्यक स्थलसम्म ढुवानीको व्यवस्था मिलाउने एवं त्यस्ता राहत सामग्रीका लागि केन्द्रीय, क्षेत्रीय एवं आवश्यकता अनुसार भण्डारगृहको व्यवस्था गर्ने, गराउने ।

(११) सचिवालयको सिफारिसका आधारमा विपद् प्रभावित व्यक्तिहरूलाई पुऱ्याइने न्यूनतम सहायतासम्बन्धी मापदण्ड बनाई जारी गर्ने । विपद्बाट प्रभावित व्यक्ति वा परिवारलाई यस अनुसारको सहायता प्राप्त गर्ने अधिकार हुनेछ ।

(१२) विपद्बाट क्षति पुग्न सक्ने जनसमुदाय, व्यक्ति एवं सम्पत्तिहरूको बीमा गराउन प्रोत्साहन गर्ने,

(१३) सङ्कटग्रस्त क्षेत्रमा मालपोत मिनाहा गर्न सक्ने ।

(१४) विपद् व्यवस्थापन कार्यमा सहयोग गर्न आउने विदेशी नागरिक वा संस्थालाई आवश्यकतानुसार सरल प्रक्रिया अपनाई निशुल्क वा सशुल्क प्रवेशाज्ञा दिन सक्ने ।

(१५) विपद् व्यवस्थापन कार्यलाई नेपाल सरकारका तर्फबाट सहयोग पुऱ्याउने एवं व्यवस्थापनसम्बन्धी अन्य सबै आवश्यक कार्यहरू गर्ने, गराउने ।

परिच्छेद - ४
परिषद् एवं यस अन्तर्गतका समितिहरूको गठन तथा काम, कर्तव्य र अधिकार

७. **विपद् व्यवस्थापन परिषद्को गठन** : (१) विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन परिषद्को गठन देहाय बमोजिम हुनेछ :

क.	प्रधानमन्त्री	अध्यक्ष
ख.	गृहमन्त्री	उपाध्यक्ष
ग.	रक्षामन्त्री	सदस्य
घ.	स्थानीय विकासमन्त्री	सदस्य
ङ.	भौतिक योजना तथा निर्माणमन्त्री	सदस्य
च.	उपाध्यक्ष, राष्ट्रिय योजना आयोग	सदस्य
छ	प्रधान सेनापति, नेपाली सेना	सदस्य
ज.	मुख्यसचिव	सदस्य
झ.	गृहसचिव	सदस्य
ञ.	अर्थसचिव	सदस्य
ट.	स्वास्थ्य तथा जनसङ्ख्यासचिव	सदस्य
ठ.	महिला, बालबालिका तथा समाज कल्याणसचिव	सदस्य
ड.	जलश्रोतसचिव	सदस्य
ढ.	वन तथा भू-संरक्षणसचिव	सदस्य
ण.	वातावरण, विज्ञान तथा प्रविधिसचिव	सदस्य
त.	सूचना तथा सञ्चारसचिव	सदस्य
थ.	उद्योग वाणिज्य तथा आपूर्तिसचिव	सदस्य

द.	महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
ध.	महानिरीक्षक, सशस्त्र प्रहरी बल	सदस्य
न.	अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
प.	अध्यक्ष, जिल्ला विकास समिति महासंघ	सदस्य
फ.	अध्यक्ष, नगरपालिका महासंघ	सदस्य
व.	अध्यक्ष, गाउँ विकास समिति महासंघ	सदस्य
भ.	अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य
म.	सदस्य सचिव, समाज कल्याण परिषद्	सदस्य
य.	प्रमुख आयुक्त, नेपाल स्काउट	सदस्य
र.	विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने गैह्रसरकारी संघ संस्थाहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका तीन जना प्रतिनिधि	सदस्य
ल.	नेपाल सरकारबाट मनोनित विपद् व्यवस्थापनसम्बन्धी प्राविधिज्ञ दुई जना	सदस्य
व.	कार्यकारी निर्देशक	सदस्य सचिव

(२) नेपाल सरकारबाट मनोनित उपदफा (१) को खण्ड (र) र (ल) बमोजिमका व्यक्तिहरूको पदावधि तीन वर्षको हुनेछ ।

(३) परिषद्को बैठक कम्तिमा ६ महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा परिषद्को बैठक जुनसुकै बेलामा पनि बस्न सक्नेछ ।

(४) परिषद्ले आवश्यकता अनुसार अन्य विज्ञहरूलाई समेत बैठकमा सहभागीको रूपमा आमन्त्रण गर्न सक्नेछ । यसरी आमन्त्रित विज्ञहरूलाई मतदानको अधिकार हुने छैन ।

(५) परिषद्को बैठकको अध्यक्षता प्रधानमन्त्रीले गर्नेछन् । प्रधानमन्त्रीको अनुपस्थितिमा परिषद्को बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछन् ।

(६) परिषद्मा बहुमतको निर्णय मान्य हुनेछ र गणपूरक सङ्ख्या पचास प्रतिशतको उपस्थितिलाई मानिनेछ । पहिलो पटक गणपूरक सङ्ख्या नपुगी बैठक बस्न नसकेमा दोस्रो बैठकको लागि एक तिहाई सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ

(७) परिषद्ले आवश्यक ठानेमा उपाध्यक्षको संयोजकत्वमा एक कार्यकारी समिति गठन गरी यस ऐन अन्तर्गत आफूलाई प्राप्त भएको अधिकार प्रत्यायोजन गरी कार्य सम्पादन गराउन सक्नेछ ।

८. **परिषद् सङ्गठित संस्था हुने** : (१) दफा ७ अन्तर्गत स्थापित परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(४) परिषद्को आफनो छुट्टै छाप हुनेछ ।

९. **परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विपद् व्यवस्थापनसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमनका साथै आवश्यक निर्देशन दिने,

(ख) स्थानीयस्तरका कार्यक्रमहरूलाई समेत समेटी जिल्लास्तरबाट पेश भै आएका योजनाहरूलाई आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृति प्रदान गर्ने र सोको कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(ग) सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट प्राप्त प्रतिवेदन अनुसार विपद् सम्भाव्यक्षेत्र घोषणा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) विपद्बाट बृहद् रूपमा प्रभावित क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) विपद्सम्बन्धी सम्पूर्ण विवरणहरू सङ्कलन गर्ने गराउने, नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भू-मण्डलीय उष्णीकरण, हावापानी परिवर्तन, भू-उपयोग आदि विभिन्न विषयहरूमा अनुसन्धान गर्ने गराउने र विपद्सम्बन्धी केन्द्रीय स्रोत संस्थाको रूपमा कार्य गर्ने,

(च) कुनै पनि किसिमका विपद्बाट हुनसक्ने धनजनको क्षतिलाई न्यून गर्न पूर्वचेतावनी प्रणालीको व्यवस्था गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका विभिन्न चरणहरूमा कार्य गर्न आवश्यकता अनुसार केन्द्रीयस्तरको कार्यदल गठन गरी कार्य गर्ने, गराउने,

(ज) विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्ययोजना निर्माण एवं कार्यान्वयनका साथै सबै सम्वन्धित निकाय बीच समन्वय र सहकार्यको अनुगमन एवं निरीक्षण गर्ने, गराउने,

(झ) व्यावहारिक तथा सामयिक नीतिगत व्यवस्था गरी विपद् पीडितहरूलाई उद्धार तथा राहत प्रदान गर्ने,

(ञ) विपद् व्यवस्थापनसम्बन्धी औपचारिक एवं अनौपचारिक शिक्षा, तालिम, प्रचार, प्रसार, प्रकाशन, सचेतना, विपद्को सामनासम्बन्धी पूर्वाभ्यास आदि जस्ता कार्यहरू गर्ने, गराउने,

(ट) उद्धार तथा राहत कार्यका लागि विपद् उद्धार समूह गठन गर्ने र सामुदायिक स्वयंसेवक तयार गरी संलग्न गराउने,

(ठ) विपद् व्यवस्थापन कार्यमा प्रभावकारिता ल्याउन अन्तर्राष्ट्रियस्तरका द्विपक्षीय, बहुपक्षीय, सरकारी एवं गैह्रसरकारी निकायहरूसँगको सम्पर्क, समन्वय र सहकार्यमा अभिवृद्धि गर्नका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ड) मुलुकभित्र वा बाहिरबाट विपद् व्यवस्थापनका लागि सरकारी, गैह्रसरकारी वा व्यक्तिगत तवरबाट प्राप्त नगद वा वस्तुगत सहयोगहरू सोझै प्राप्त गरी सोको परिचालन गर्ने, गराउने,

(ढ) परिषद्को छुट्टै खाता खोली सन्चालन गर्ने,

(ण) बृहद् प्रभाव पार्ने विपद्सम्बन्धी विवरणहरू सार्वजनिक जानकारीका लागि तत्काल उपलब्ध गराउनका साथै आफूले गरेका सम्पूर्ण काम कारवाही एवं लेखापरीक्षण सहितको आर्थिक विवरणहरू वार्षिक रूपमा सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्ने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा आवश्यक कार्य गर्न समिति, कार्यकारी निर्देशक तथा जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई निर्देशन दिने,

(थ) जिल्ला, नगर एवं स्थानीयस्तरका निकायहरूमार्फत सम्भावित विपद्को सामना गर्नका लागि सङ्कटकालीन पूर्वतयारी योजनाहरू तर्जुमाको सुनिश्चितता गर्ने,

(द) परिषद्को हाताभित्रै सङ्कटकालीन व्यवस्थापनकेन्द्रको स्थापना गर्ने तथा अन्य निकायहरूलाई पनि सो अनुरूप स्थापना गर्न प्रोत्साहन गर्ने,

(ध) विपद् व्यवस्थापनसम्बन्धी उदाहरणीय कार्य गर्ने उत्कृष्ट व्यक्ति वा संस्थाहरूलाई बर्षेनी प्रोत्साहनस्वरूप सम्मान तथा पुरस्कार दिने, दिलाउने,

(न) आवश्यकता अनुसार विशेषज्ञ समितिहरूको गठन गरी कार्य गर्ने, गराउने,

(प) नेपाल सरकारलाई आवश्यकता अनुसार सुझाव दिने,

(फ) पूर्वतयारी, उद्धार तथा राहत एवं पुनर्स्थापना तथा पुनर्निर्माण अवस्थामा गरिने व्यवस्थापनसम्बन्धी नेपाल सरकारले तोकेका लगायत अन्य आवश्यक सबै कार्य गर्ने, गराउने,

(ब) परिषद्ले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गर्ने ।

१०. **परिषद्को सचिवालय र कार्यकारी निर्देशक** : (१) परिषद्को सचिवालय काठमाडौं उपत्यकाभित्र रहनेछ र यसले आवश्यकता अनुसार नेपाल राज्यभर शाखा कार्यालय खोल्न सक्नेछ ।

(२) नेपाल सरकारले एक कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशक नेपाल सरकारको कम्तिमा निजामती सेवामा प्रथम श्रेणी वा अन्यत्र सो सरहको पदमा काम गरिसकेको व्यक्ति हुनेछ र निजलाई नेपाल सरकारले चार बर्षका लागि नियुक्त गर्नेछ ।

(४) कार्यकारी निर्देशकले पाउने तलब, भत्ता, अन्य सुविधा तथा सेवाका सर्तहरू तोकिए बमोजिम हुनेछन् ।

(५) परिषद्लाई चाहिने आवश्यक कर्मचारीहरू नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(६) परिषद्ले आवश्यकता अनुसार अन्य कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

(७) परिषद्का कर्मचारीको सेवा, शर्त तथा तलब, भत्ताहरू तोकिए बमोजिम हुनेछ ।

११. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्को निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, गराउने,

(ग) परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापन योजना तयार गर्ने, गराउने र यसको कार्यान्वयनको समन्वय तथा अनुगमन गर्ने, गराउने,

(ङ) विपद् व्यवस्थापनको लागि क्षमता निर्माण गर्ने र सोका लागि समन्वय र अनुगमन गर्ने,

(च) पुनर्स्थापना तथा पुनर्निर्माण कार्यक्रमको समन्वय तथा अनुगमन गर्ने,

(छ) परिषद्को वार्षिक प्रतिवेदन बनाई परिषद्मा पेश गर्ने,

(ज) आवश्यकता अनुसार आफ्नो अधिकार परिषद्का अन्य वरिष्ठ कर्मचारीलाई प्रत्यायोजन गर्ने,

(झ) अध्यक्ष तथा संयोजकको आदेशानुसार परिषद् तथा समितिको बैठक बोलाउने,

(ञ) परिषद्लाई आवश्यक पर्ने सूचना, तथ्याङ्क आदिको सङ्कलन र व्यवस्थापन गरी प्रचार प्रसार गर्न एक सूचना तथा प्रलेखालयको व्यवस्था गर्ने,

(ट) परिषद्को प्रशासकीय प्रमुखको हैसियतले परिषद्को उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी निर्देशकका अन्य काम कर्तव्य र अधिकारहरू तोकिए बमोजिम हुनेछन् ।

१२. **समितिहरूको गठन** : विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूलाई प्रभावकारी रूपमा सन्चालन गर्न तथा पूर्वतयारी, उद्धार तथा राहत एवं पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी कार्यहरू गर्नका लागि छुट्टाछुट्टै तीनवटा समितिहरू गठन गरिनेछन् ।

१३. **पूर्वतयारी व्यवस्थापन समिति** : (१) पूर्वतयारी व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

क. स्थानीय विकासमन्त्री	संयोजक
ख. राष्ट्रिय योजना आयोगका विपद् हेर्ने सदस्य	उपसंयोजक
ग. गृहसचिव	सदस्य
घ. भौतिक योजना तथा निर्माणसचिव	सदस्य
ङ. कृषि तथा सहकारीसचिव	सदस्य
च. अर्थसचिव	सदस्य
छ. सूचना तथा सञ्चारसचिव	सदस्य
ज. शिक्षा तथा खेलकुदसचिव	सदस्य
झ. स्थानीय विकाससचिव	सदस्य
ञ. वातावरण, विज्ञान तथा प्रविधिसचिव	सदस्य
ट. उपरथी, नेपाली सेना	सदस्य
ठ. अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
ड. अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बल	सदस्य
ढ. महानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग	सदस्य
ण. महानिर्देशक, खानी तथा भूगर्भ विभाग	सदस्य
त. महानिर्देशक, जलवायु तथा मौसम विज्ञान विभाग	सदस्य
थ. महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग	सदस्य
द. महानिर्देशक, वन विभाग	सदस्य
ध. महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग	सदस्य
न. महानिर्देशक, स्वास्थ्य सेवा विभाग	सदस्य
प. अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
फ. सदस्यसचिव, समाज कल्याण परिषद्	सदस्य
ब. अध्यक्ष, जिल्ला विकास समिति महासंघ	सदस्य
भ अध्यक्ष, नगरपालिका महासंघ	सदस्य
म. अध्यक्ष, गाउँ विकास समिति महासंघ	सदस्य

य. विपद् व्यवस्थापनसम्बन्धी कार्यमा संलग्न गैह्रसरकारी संघ संस्थाहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका तीन जना प्रतिनिधि — सदस्य

र. नेपाल सरकारबाट मनोनित विपद् व्यवस्थापन सम्वन्धी प्राविधिज्ञ दुई जना — सदस्य

ल. कार्यकारी निर्देशक — सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार बैठकमा अन्य विशेषज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ । यसरी आमन्त्रित विज्ञहरूलाई मताधिकार हुनेछैन ।

१४. **पूर्वतयारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : पूर्वतयारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्राकृतिक विपद्को सम्भावित असरलाई न्यून गर्न जोखिमयुक्त स्थानहरूको पहिचान गर्ने एवं त्यस्ता स्थलको नक्साङ्कन गर्ने, गराउने,

(ख) जनचेतना अभिवृद्धि, जोखिम मूल्याङ्कन, पूर्वचेतावनी संयन्त्रको स्थापना गर्ने, गराउने,

(ग) विपद्को सामना गर्न स्थानीय क्षमता एवं दक्षताको अभिवृद्धि, सूचना प्रवाह एवं एकीकृत सन्जालको विकास गर्ने, गराउने,

(घ) अस्पताल एवं स्वास्थ्यचौकीमा आपतकालीन उपचारका लागि पर्याप्त सुविधाको व्यवस्था तथा विकास गर्ने, गराउने,

(ङ) औपचारिक एवं अनौपचारिक शिक्षाका विभिन्न तहको पाठ्यक्रममा विपद्सम्बन्धी विषय समावेश गर्ने, गराउने,

(च) विपद् व्यवस्थापन योजना, विपद् समायोजित विकास योजना, भू-उपयोग योजना, अग्नि संहिता तथा भवननिर्माण संहिता आदि तर्जुमा गरी कार्यान्वयन गर्न संयोजन गर्ने, गराउने,

(छ) विपद्को सामना गर्नका लागि आवश्यक योजना बनाउने र आवश्यकता अनुसार प्रतिरोधात्मक संयन्त्र एवं सामग्रीहरू सार्वजनिक निकायहरूमा तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने र सम्पर्क विन्दु तोक्न पहल गर्ने, गराउने,

(ज) देशभित्र कार्यान्वयन गरिने सम्पूर्ण विकास एवं निर्माणका संरचनाहरूको विपद् प्रभाव मूल्याङ्कन अनिवार्य रूपमा गर्न लगाउने,

(झ) विपद्को असर एकभन्दा बढी जिल्लाहरूमा पर्ने देखिएमा संयुक्त रूपमा योजना तयार गरी तदनुरूप कार्यान्वयनको व्यवस्था मिलाउने,

(ञ) सार्वजनिक भवन तथा अन्य भौतिक संरचनाहरू निर्माण गर्दा स्थानीय निकायसँग समेत समन्वय गरी विपद् प्रतिरोधात्मक उपायको अवलम्बन गर्ने, गराउने, निर्माण भैसकेका संरचनाहरूको सो अनुरूप सवलीकरण गर्न पहल गर्ने, गराउने,

(ट) असुरक्षित स्थलहरूमा बस्ती विस्तार गर्न नियन्त्रण गर्ने, असुरक्षित बस्तीको संरक्षणका साथै आवश्यकता अनुसार स्थानान्तरण गर्ने, गराउने र स्थानान्तरण गर्दा गरिब, महिला, ज्येष्ठ नागरिक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिने,

(ठ) विपद् व्यवस्थापनसम्बन्धी आपतकालीन स्वास्थ्य सेवा, उद्धार तथा राहत कार्य स्थानीय क्षमता अभिवृद्धि आदि जस्ता तालिम सन्चालन गराउने र यस्ता तालिममा गरिब, महिला तथा पिछडिएका वर्गहरूलाई प्राथमिकता दिने व्यवस्था मिलाउने,

(ड) सामुदायिक तहमा आपतकालीन आश्रयगृह तथा अन्य आवश्यक सुविधाको व्यवस्था गर्ने, गराउने,

(ढ) आवश्यकता अनुसार ऐन, कानुन, नियम, निर्देशिकाहरूको व्यवस्था गरी अद्यावधिक गर्न सिफारिस गर्ने तथा प्रशासनिक कार्यप्रणालीलाई आपतकालीन अवस्थामा प्रयोगका लागि दुरूस्त राख्ने, राख्न लगाउने,

(ण) विपद् व्यवस्थापनका लागि आवश्यक पर्याप्त साधन, स्रोत र बजेटको व्यवस्था गर्ने, गराउने,

(त) उपयुक्त स्थानहरूमा भण्डारगृह निर्माण गरी पर्याप्त मात्रामा तोकिएको मापदण्ड अनुसार खाद्यान्न, औषधि एवं अन्य उद्धार तथा राहत सामग्री भण्डारण गर्ने, गराउने,

(थ) विपद्बाट जोगिने पूर्वाभ्यास कार्यक्रमको योजना बनाउने र कार्यान्वयन गर्ने,

(द) विपद्सम्बन्धी कार्यमा सबै सरोकारवालाहरूबीच समन्वय एवं सहकार्य अभिवृद्धि गर्ने,

(ध) जनधनको क्षतिलाई न्यून गर्ने उद्देश्यले विपद्का घटना घट्नु पूर्व गरिने अन्य सम्पूर्ण कार्यहरू गर्ने आदि ।

१५. **उद्धार तथा राहत व्यवस्थापन समिति** : (१) उद्धार तथा राहत व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

क. गृहमन्त्री	संयोजक
ख. स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री	उपसंयोजक
ग. भौतिक योजना तथा निर्माणमन्त्री	सदस्य
घ. स्थानीय विकासमन्त्री	सदस्य
ङ. रक्षासचिव	सदस्य
च. गृहसचिव	सदस्य
छ. अर्थसचिव	सदस्य
ज. परराष्ट्रसचिव	सदस्य
झ. उद्योग, वाणिज्य तथा आपूर्तिसचिव	सदस्य
ञ. सूचना तथा सञ्चारसचिव	सदस्य
ट. रथी, नेपाली सेना	सदस्य
ठ. महानिर्देशक, खानी तथा भूगर्भ विभाग	सदस्य
ड. महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग	सदस्य
ढ. महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग	सदस्य
ण. महानिर्देशक, कृषि विभाग	सदस्य
त. महानिर्देशक, पशु स्वास्थ्य सेवा विभाग	सदस्य
थ. महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
द. महानिरीक्षक, सशस्त्र प्रहरी बल	सदस्य
ध. अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
न. अध्यक्ष, जिल्ला विकास समिति महासंघ	सदस्य
प. अध्यक्ष, नगरपालिका महासंघ	सदस्य
फ. अध्यक्ष, गाउँ विकास समिति महासंघ	सदस्य
ब. अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य

भ. प्रमुख आयुक्त, नेपाल स्काउट — सदस्य

म. विपद् व्यवस्थापनसम्वन्धी कार्यमा संलग्न गैह्रसरकारी संघ संस्थाहरूमध्येबाट नेपाल सरकारले मनोनयन गरेका दुई जना प्रतिनिधि — सदस्य

य. नेपाल सरकारबाट मनोनित विपद् व्यवस्थापनसम्वन्धी प्राविधिज्ञ दुई जना — सदस्य

र. कार्यकारी निर्देशक — सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार बैठकमा अन्य विशेषज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ । यसरी आमन्त्रित विज्ञलाई मताधिकार हुनेछैन ।

१६. **उद्धार तथा राहत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : उद्धार तथा राहत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्राकृतिक एवं गैह्रप्राकृतिक विपद्को प्रारम्भिक जानकारी लिई आवश्यक सूचना प्रवाह गर्ने, गराउने,

(ख) विपद्बाट प्रभावित व्यक्तिहरूका लागि सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, विपद् उद्धार समूह, प्राविधिज्ञ, नागरिक समाज, सरोकारवाला समुदाय आदि सम्मिलित खोजी तथा उद्धार टोली तत्काल परिचालन गर्ने, गराउने,

(ग) आपतकालीन खोजी, उद्धार, सूचना प्रवाह लगायत विपद् व्यवस्थापनका सम्पूर्ण आवश्यक कार्यहरू व्यवस्थित गर्न एवं प्रभावित जनसमुदायलाई सहयोग पुऱ्याउन विपद् व्यवस्थापन अस्थायी कक्ष स्थापना गर्ने, गराउने,

(घ) राहतस्वरूप खाना, बच्चाको आहार, खानेपानी, लत्ताकपडा, भाँडाकुँडा लगायत आर्थिक सहयोग तत्काल वितरण गर्ने, गराउने,

(ङ) अस्थायी आवास, स्वास्थ्यसेवा, खानेपानी, सरसफाइ, शौचालय, सुरक्षा आदिको तत्काल व्यवस्था गर्ने, गराउने,

(च) बालबालिका, महिला, बृद्ध तथा अन्य प्रकारले सक्षम व्यक्तिहरूको उद्धार तथा राहत कार्यका लागि विशेष व्यवस्था गर्ने, गराउने,

(छ) रेडियो, टेलिभिजन, टेलिफोन, फ्याक्स, इमेल आदि जस्ता सञ्चार सुविधा सुचारू गर्ने, गराउने,

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना प्रवाहका समस्त माध्यमलाई व्यवस्थित गर्ने, गराउने,

(झ) स्थानीयस्तरमा नै उपचार सुविधाको व्यवस्था गर्ने र गम्भीर अवस्थाका घाइतेहरूलाई सुविधासम्पन्न अस्पतालहरूमा तत्काल स्थानान्तरण गर्ने, गराउने,

(ञ) घटनास्थलसम्म पहुँच पुऱ्याउन अवरूद्ध सडक यातायात, विमानस्थल आदिलाई सुचारू गर्न सहयोग पुऱ्याउने तथा उद्धार कार्य र राहत सामग्री एवं प्रभावित जनसमुदाय वा व्यक्तिहरूको ओसारपसारका लागि यातायातका साधनहरूको व्यवस्था गर्ने, गराउने,

(ट) उद्धार तथा राहत कार्यमा प्रभावकारिता ल्याउन सवै संलग्न सरोकारवालासँग समन्वय गरी सहकार्य गर्ने, आवश्यक साधन, सरसामान, स्रोत र पर्याप्त बजेट आदिको व्यवस्था गर्ने, गराउने,

(ठ) शैक्षिक संस्थाका भवन, सार्वजनिक भवन तथा जग्गालाई आपतकालीन अवस्थामा प्रयोग गर्न आवश्यक समन्वय गर्ने, गराउने,

(ड) कुनै जिल्लामा विपद् परेको अवस्थामा अन्य जिल्लाहरूले समेत आवश्यकता अनुसार उद्धार तथा राहत एवं अन्य सबै आवश्यक कार्यमा सहयोग गर्ने,

(ढ) विपद्बाट असर परेकाहरूको मनोसामाजिक अवस्थिति एवं जीवनयापनलाई सहज तुल्याउन सहयोगी हुने कार्यहरू गर्ने,

(ण) विपद् परेका क्षेत्रहरूमा उपलब्ध स्रोत, साधन, सीपको अधिकतम रूपमा उपयोग गर्ने तथा व्यवस्थापनकार्यमा स्थानीय व्यक्तिहरूलाई व्यापक रूपमा सहभागी बनाउने,

(त) विपद्को घटना घट्नासाथै त्यस्ता घटनाबाट तल्लो तटीय क्षेत्रमा पर्नजाने असरलाई कम गर्न यस्ता क्षेत्रबाट असर पर्नसक्ने जनसमुदायलाई उद्धार गर्ने, गराउने,

(थ) विपद्का अवस्थामा आवश्यक पर्ने खाद्यान्न एवं अन्य सरसामान जगेडाको रूपमा राख्ने प्रक्रियाका सम्बन्धमा सरोकारवालाहरूसँग समेत समन्वय कायम गर्ने,

(द) विपद् परेका स्थानका बासिन्दाहरूलाई नेपाल सरकारका तर्फबाट जीउधनको भरपर्दो सुरक्षा उपलब्ध गराउने,

(ध) उद्धार तथा राहत अवस्थामा आईपर्ने अन्य सम्पूर्ण कार्यहरू गर्ने, गराउने ।

१७. **पुनर्स्थापना तथा पुनर्निर्माण व्यवस्थापन समिति** : (१) पुनर्स्थापना तथा पुनर्निर्माण व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

क. भौतिक योजना तथा निर्माणमन्त्री	संयोजक
ख. विपद् हेर्ने राष्ट्रिय योजना आयोगका सदस्य	उप संयोजक
ग. स्थानीय विकाससचिव	सदस्य
घ. अर्थसचिव	सदस्य
ङ. भौतिक योजना तथा निर्माणसचिव	सदस्य
च. महानिर्देशक, कृषि विभाग	सदस्य
छ. महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग	सदस्य
ज. महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग	सदस्य
झ. महानिर्देशक, सिंचाई विभाग	सदस्य
ञ. महानिर्देशक, वन विभाग	सदस्य
ट. प्रतिनिधि, नेपाल राष्ट्र बैंक	सदस्य
ठ. अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी	सदस्य
ड. विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने गैह्रसरकारी संघ संस्थाहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका दुई जना प्रतिनिधि	सदस्य
ढ. विपद् व्यवस्थापनसम्बन्धी प्राविधिज्ञ दुई जना	सदस्य

ण. कार्यकारी निर्देशक सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बैठकमा अन्य विशेषज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ । यसरी आमन्त्रित विज्ञको मताधिकार हुनेछैन ।

१८. **पुनर्स्थापना तथा पुनर्निर्माण व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : पुनर्स्थापना तथा पुनर्निर्माण व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विपद्बाट भएको क्षतिको विस्तृत मूल्याङ्कन गर्ने, गराउने,

(ख) योजना तर्जुमा गरी क्षति भएको कृषि, भूमि, भवन तथा अन्य भौतिक पूर्वाधारहरू जस्तैः खानेपानी, सिंचाई, पुल, सडक, विद्युत, सञ्चार आदिको मर्मतसम्भार तथा नयाँ निर्माण गर्न सहयोग पुऱ्याउने,

(ग) विपद् प्रभावितक्षेत्रमा आर्थिक क्रियाकलापहरूको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना एवं जीवनयापनका लागि आयमूलक कार्यहरू सन्चालन गर्ने, गराउने,

(घ) पुनर्स्थापना एवं पुनर्निर्माण कार्य सन्चालन गर्ने र विपद् न्यूनीकरण प्रविधिको प्रयोग गर्ने, गराउने,

(ङ) विभिन्न निकायहरूबाट गरिने पुनर्स्थापना एवं पुनर्निर्माणका कार्यहरूलाई समन्वय गर्ने संयन्त्रको विकास गरी तदनुरूप कार्यान्वयन गर्ने, गराउने,

(च) पुनर्स्थापना एवं पुनर्निर्माण कार्यमा गैह्रसरकारी संस्था, निजीक्षेत्र एवं जनसमुदायलाई उपयुक्तता अनुसार अधिकतम रूपमा संलग्न गराउने एवं सामुदायिक अवधारणालाई प्राथमिकता दिने, दिन लगाउने,

(छ) सहुलियतपूर्ण ऋण, अनुदान तथा अन्य सहयोग प्रदान गर्ने, गर्न लगाउने र यसरी सहयोग प्रदान गर्दा गरिब, महिला, ज्येष्ठ नागरिक तथा पिछडिएको वर्गलाई प्राथमिकता दिने व्यवस्था मिलाउने,

(ज) कृषिका लागि आवश्यक पर्ने मल, बिउ, विजन आदि सुलभ तथा सहुलियत दरमा उपलब्ध गराउने,

(झ) पर्याप्त बजेट तथा अन्य साधन स्रोतको व्यवस्था गर्ने, गराउने,

(ञ) विपद्बाट असर परेका व्यक्तिहरूका लागि गरिने मनोसामाजिक परामर्श सहयोग गर्ने लगायतका अन्य सम्पूर्ण कार्यहरू गर्ने, गराउने,

(ट) पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी अन्य सम्पूर्ण कार्यहरू गर्ने ।

१९. नेपाल सरकारबाट मनोनित दफा १३ (य) र (र), दफा १५ (म) र (य) तथा १७ (ड) र (ढ) बमोजिम तीनवटै व्यवस्थापन समितिका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

२० समितिहरूको वैठकमा संयोजकले अध्यक्षता गर्नेछ । संयोजकको अनुपस्थितिमा उपसंयोजकले अध्यक्षता गर्नेछ ।

२१. समितिहरूको वैठकमा पचास प्रतिशत सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिने छ र उपस्थित सदस्यहरूमध्ये बहुमतबाट निर्णयहरू पारित हुनेछन्, गणपूरक सङ्ख्याको अभावमा बैठक बस्न नसकेको अवस्थामा दोस्रो पटकको बैठकको लागि सो सङ्ख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

२२. समितिहरूले आवश्यक ठानेमा उपसंयोजकको संयोजकत्वमा एउटा कार्यकारी उपसमिति गठन गरी यस ऐन अन्तर्गत आफूलाई प्राप्त अधिकारहरू प्रत्यायोजन गरी कार्यसम्पादन गराउन सक्नेछन् ।

परिच्छेद - ५
परिषद्को कोष तथा लेखापरिक्षण

२३. **परिषद्को कोष** : (१) परिषद्को आफ्नै एउटा छुट्टै विपद् व्यवस्थापन कोष नामक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् स

(क) नेपाल सरकारबाट विनियोजन गरिएको बजेट, अनुदान, प्रधानमन्त्री राहतकोषबाट प्राप्त रकम वा अन्य रकम,

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण,

(ग) स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त दान, दातव्य वा उपहार,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) परिषद्बाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(४) नेपाल सरकारले निर्दिष्ट गरेको बैंकमा खाता खोली परिषद्को रकम राखिनेछ र सो कोषको सन्चालन परिषद्ले तोके बमोजिम हुनेछ ।

(५) परिषद्को नियमित प्रशासनिक खर्चको लागि छुट्टै बैंक खाता खोलिने छ । कुनै पनि स्रोतबाट प्राप्त दान, दातव्य, अनुदान वा ऋणको रकम नियमित प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

(६) नेपाल सरकारको पूर्वस्वीकृति प्राप्त गरी परिषद्ले बैंक, वित्तीय संस्था वा व्यक्तिबाट ऋण लिन सक्नेछ ।

(७) परिषद्ले तोकिएको ढाँचामा आयव्यय सहितको बजेट विनियोजन गर्नेछ । सो बजेट निर्माण गर्दा नेपाल सरकारको निर्देशन पालना गर्नुपर्नेछ ।

(८) आर्थिक वर्ष समाप्त हुँदा कुनै शीर्षकमा विनियोजित रकम खर्च हुन नसकेमा सो रकम अर्को आर्थिक वर्षमा स्वत: सर्नेछ ।

(९) यस कोषका लागि प्राप्त खाद्यान्न, लत्ता, कपडा, औषधि, निर्माण सामग्री आदि जिन्सी आम्दानी रकमको हिसाब छुट्टै राखिने छ ।

२४. **लेखा र लेखापरीक्षण** : (१) परिषद्को आयव्ययको लेखा तोकिए बमोजिमको लेखाप्रणाली अनुसार राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण महालेखापरिक्षक वा निजले तोकेको कुनै लेखापरीक्षकद्वारा हुनेछ ।

(३) लेखापरीक्षकले परिषद्को वार्षिक कारोबारको स्थिति, वासलात, लाभ, हानी र अन्य हरहिसाबको सम्बन्धमा आफ्नो प्रतिवदेन तयार गरी नेपाल सरकार र परिषद्समक्ष पेश गर्नेछ ।

परिच्छेद - ६
जिल्ला तथा स्थानियस्तरमा गरिने विपद् व्यवस्थापन

२५. **जिल्ला विपद् व्यवस्थापन समितिको** गठन : (१) प्रत्येक जिल्लामा एक जिल्ला विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

क. प्रमुख जिल्ला अधिकारी — अध्यक्ष

ख. जिल्ला विकास समितिको सभापति वा निजले जिल्ला विकास समितिकोसदस्यहरू मध्येबाट मनोनयन गरेको व्यक्ति — सदस्य

ग. नेपाल सरकारका जिल्लास्तरीय कार्यालयका प्रमुखहरू — सदस्य

घ. जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू — सदस्य

ङ. जिल्लास्थित नेपाल रेडक्रस सोसाईटी कार्यालयका प्रमुख — सदस्य

च. राष्ट्रियस्तरका राजनीतिक दलका जिल्लास्तरीय प्रतिनिधिहरू — सदस्य

च. सभापति, जिल्ला उद्योग वाणिज्य संघ — सदस्य

छ. प्रमुख, नगरपालिका — सदस्य

ज. अध्यक्ष, गाउँ विकास समितिहरू मध्येबाट जिल्ला विकास समितिले मनोनयन गरेका तीन जना — सदस्य

झ. जिल्लास्तरीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संघ संस्था, सामाजिक संघ संस्था तथा जिल्लाका प्रतिष्ठित समाजसेवी मध्येबाट प्रमुख जिल्ला अधिकारीले मनोनयन गरेका तीन जना — सदस्य

ञ. जिल्ला अवस्थित विपद् व्यवस्थापनसम्बन्धी प्राविधिज्ञ मध्येबाट प्रमुख जिल्ला अधिकारीले मनोनयन गरेका दुई जना — सदस्य

ट. स्थानीय विकास अधिकारी — सदस्य सचिव

(३) उपदफा (२) (झ) र (ञ) बमोजिमका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) जिल्ला विपद् व्यवस्थापन समितिको वैठक वर्षमा कम्तिमा तीन पटक बस्नुपर्नेछ ।

२६. जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्लास्तरीय गैह्रसरकारी संस्था, सामुदायिक संस्था, विपद्बाट प्रभावित वा सम्भाव्य प्रभावित समुदाय, जिल्लास्थित विज्ञहरू, सामाजिक कार्यकर्ता एवं व्यक्तिहरू समेतलाई संलग्न गरी जिल्लास्तरीय विपद् व्यवस्थापन योजना बनाउने र यस्ता योजनाहरू कार्यान्वयनमा उल्लिखित सवै पक्षहरूलाई संलग्न गराउने,

(ख) जिल्ला विपद् व्यवस्थापन समितिले पूर्वतयारी, न्यूनीकरण, उद्धार तथा राहत, पुनर्स्थापना तथा पुनर्निर्माण अवस्थाअन्तर्गत गरिने सम्पूर्ण कार्यहरू जिल्लास्तरमा कार्यान्वयन गर्ने,

(ग) जिल्लाको विपद्सम्बन्धी पूर्वचेतावनी प्रणाली तथा पूर्वतयारी व्यवस्थापनजस्ता विपद् जोखिम न्यूनीकरणका विभिन्न पक्षको अवस्थाबारे परिषद्लाई जानकारी दिने, विपद् व्यवस्थापनको स्थितिबारे वार्षिक प्रतिवेदन परिषदमा पठाउने,

(घ) परिषद्सँग परामर्श लिई जिल्लाको भौतिक अवस्था, संस्थागत क्षमता तथा उपलब्ध स्रोत, साधन समेतलाई मध्यनजर गर्दै उपयुक्त पूर्वतयारी, न्यूनीकरण, उद्धार तथा राहत साथै पुनर्स्थापना तथा पुनर्निर्माण कार्यान्वयन रणनीति तयार गर्ने,

(ङ) जिल्लास्तरीय आपतकालीन योजना निर्देशिका तयार गर्ने, समय समयमा समीक्षा तथा अद्यावधिक गर्ने,

(च) विपद् जोखिम मूल्याङ्कन योजनाको सामयिक मूल्याङ्कन गरी परिषद्मा पठाउने,

(छ) समय समयमा विपद् व्यवस्थापन तालिम संचालन गर्ने, गराउने,

(ज) विपद् व्यवस्थापनसम्बन्धी सबै अवस्थामा सञ्चार माध्यमलाई अधिकतम सहभागी गराई क्रियाशील राख्ने,

(झ) परिषद्द्वारा प्रत्यायोजन गरिएका अधिकारको प्रयोग गर्ने,

(ञ) कुनै व्यक्ति वा संस्थाको खाद्यान्न, लत्ता कपडा, औषधि, निर्माण सामग्री जस्ता चल सम्पत्ति वा घर, जग्गा जस्ता अचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा तत्कालका लागि नेपाल सरकारले लिन सक्ने तर सो उपभोग गरेबापत उपयुक्त भाडा तथा मूल्य बराबरको रकम त्यस्तो व्यक्ति वा संस्थालाई उपलब्ध गराउनु पर्नेछ ,

(ट) स्थानीयस्तरको विपद् व्यवस्थापन योजना निर्माण गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(ठ) यसरी तयार भएका विपद् सम्बन्धी योजनाहरू आवश्यकता अनुसार परिमार्जन गरी नेपाल सरकार, परिषद् तथा सम्बद्ध निकायहरूसँग आर्थिक स्रोत सहयोगको लागि अनुरोध गर्ने,

(ड) यसरी स्वीकृत भएका योजनाहरूको कार्यान्वयनको सुपरीवेक्षण गर्ने,

(ढ) नेपाल सरकार तथा परिषद्बाट समय समयमा प्राप्त अन्य निर्देशनहरूको पालना गर्ने, गराउने ।

२७. **उपसमितिको गठन** : (१) जिल्ला विपद् व्यवस्थापन समितिले दफा २५ (२) (ख) वमोजिमको सदस्यको संयोजकत्वमा पूर्वतयारी उपसमितिस प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा उद्धार तथा राहत उपसमितिस तथा दफा २५ (२) (ग) बमोजिमका सदस्यमध्ये निर्माणसम्वन्धी कार्यमा संलग्न कार्यालय प्रमुखको संयोजकत्वमा पुनर्स्थापना तथा पुनर्निर्माण उपसमितिहरू आवश्यकता अनुसार गठन गरी कार्य सम्पन्न गराउन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत गठन हुने उपसमितिहरूमा जिल्लाका सरकारी तथा गैह्रसरकारी कार्यालय तथा संघ संस्था र व्यक्ति समेत सदस्यका रूपमा रहन सक्नेछन् ।

(३) उपदफा (१) अन्तर्गतका तीनवटै उपसमितिहरूमा स्थानीय विकास अधिकारीले सदस्य सचिवका रूपमा कार्य गर्नेछन् ।

२८. **जिल्ला विपद् व्यवस्थापन कोष** : (१) प्रत्येक जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति अर्न्तगत एक विपद् व्यवस्थापन कोष रहनेछ ।

(२) कोषको सन्चालन जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(३) कोषको पूर्ण विवरण प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयमार्फत लेखापरीक्षण गरी परिषद्मा पठाउनु पर्नेछ ।

२९. **प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार** : प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्लास्थित सरोकारवाला तथा स्थानीय अधिकारीहरूलाई विपद् जोखिम न्यूनीकरण योजना र सहायतासम्बन्धी मापदण्ड अनुसार राहत वितरण गर्न आदेश दिने,

(ख) विपद् प्रभावित समुदायलाई सहायता पुऱ्याउन, सुरक्षा दिन, राहत वितरण गर्न, विपद्का सम्भाव्य परिणामलाई न्यून गर्न प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिम कार्यहरू गर्नुपर्नेछ :

(१) खोजी, उद्धार तथा राहत कार्यक्रम सन्चालन गर्ने एवं राहत वितरणमा विभेद नगर्ने,

(२) उपलब्ध स्रोतको प्रयोग तथा प्रवाह गर्ने,

(३) विपद् प्रभावितक्षेत्रमा आवश्यकतानुसार यातायात तथा मानिसको आबत जाबतमा बन्देज लगाउने,

(४) विपद्बाट थुप्रिएका अनावश्यक वस्तुहरू हटाउने, हटाउन लगाउने,

(५) बेवारिसे शवको फोटो खिच्ने, सम्बन्धित व्यक्तिसम्म सूचना पुगोस् भन्ने अभिप्रायले आवश्यकतानुसार स्थानीय एवं राष्ट्रियस्तरका पत्रपत्रिका वा विद्युतीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने एवं दाहसंस्कार गर्ने व्यवस्था मिलाउने,

(६) वैकल्पिक बसोबासको व्यवस्था गर्ने,

(७) अत्यावश्यक खानेपानी, खाद्यान्न, लत्ताकपडा, तथा औषधि उपचार आदि व्यवस्था मिलाउने,

(८) स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदाताहरूलाई आफनो सुपरीवेक्षणमा कार्य गर्न लगाउने,

(९) स्थानीयस्तरमा उपलब्ध सरकारी एवं निजी यातायातका साधन, यन्त्रहरू, सरसामान, खाद्य सामान आदि कानुन बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने, गर्न लगाउने,

(१०) अस्थायी पुल तथा अन्य आवश्यक संरचनाहरूको निर्माण गर्ने, गर्न लगाउने,

(११) असुरक्षित भवनहरूमा बस्न रोक लगाउने, भत्काउने,

(१२) बाह्य, अन्तर्राष्ट्रिय, राष्ट्रिय गैह्रसरकारी संस्थाहरूबाट गरिने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,

(१३) सूचनाको प्रवाह गर्ने,

(१४) प्रभावित व्यक्तिहरूको जीवनरक्षाको लागि असुरक्षित स्थानबाट हटाउने वा स्थानान्तरण गर्ने,

(१५) घरधनी अनुपस्थित रहेको अवस्थामा आवश्यकता अनुसार ढोका खोली वा फुटाई सम्पत्तिको सुरक्षा गर्न प्रवेश गर्न सक्ने,

(१६) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण परिषद्मा पठाउने,

(ग) नेपाल सरकार तथा परिषद्बाट प्राप्त अन्य निर्देशनहरूको पालना गर्ने ।

३०. **नेपाल सरकारका जिल्ला तथा स्थानीयस्तरका कार्यालयहरूको काम, कर्तव्य र अधिकार** : जिल्ला तथा स्थानीयस्तरका कार्यालयहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफनो कार्यालयमा सञ्चार केन्द्रको स्थापना गर्ने, आपतकालीन योजना बनाउने, विपद् न्यूनीकरणको लागि क्षमता विकास योजना वनाउने, तथ्य सङ्कलन गर्ने तथा तालिम प्रदान गर्ने कार्यहरूमा परिषद्, जिल्ला विपद् व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारी तथा स्थानीय निकायलाई सहयोग गर्ने,

(ख) परिषद् तथा प्रमुख जिल्ला अधिकारीको सुपरीवेक्षणमा सन्चालन हुने उद्धार तथा राहत कार्यहरूमा आवश्यक सहयोग गर्ने,

(ग) स्थानीय विकास अधिकारी, जनसमुदाय तथा अन्य निकायका साथै सरोकारवालाहरूसँग मिलेर विपद् व्यवस्थापन योजनाको तयारी तथा कार्यान्वयनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(घ) विद्यमान योजनाको समीक्षा गरी समायानुकूल बनाउन सहयोग गर्ने,

(ङ) परिषद् तथा प्रमुख जिल्ला अधिकारीलाई आवश्यक पर्ने अन्य सहयोग गर्ने ।

३१. **स्थानीय विपद् व्यवस्थापन समितिको गठन** : (१) प्रत्येक गाउँ विकास समिति तथा नगरपालिका क्षेत्रमा एक स्थानीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

क. सम्बन्धित नगरपालिकाका प्रमुख/गाउँ विकास समितिका अध्यक्ष	अध्यक्ष
ख. वडाअध्यक्ष मध्येबाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका तीन जना वडा अध्यक्षहरू	सदस्य
ग. विपद् परेका वडाको वडा अध्यक्ष	सदस्य
घ. वडासदस्यहरू मध्येबाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका दुईजना वडासदस्यहरू	सदस्य
ङ. राष्ट्रियस्तरका राजनीतिक दलका नगरपालिका र गाउँ विकास समितिस्तरीय प्रतिनिधि	सदस्य
च. स्थानीय गैह्रसरकारी संस्था, सामुदायिक संस्था, सामाजिक संघ संस्था वा प्रतिष्ठित समाजसेवीमध्ये नगर/गाउँ परिषद्ले मनोनित	

गरेका तीन जना — सदस्य

छ. स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापनसम्बन्धी विज्ञमध्ये नगर/गाउँ परिषद्ले मनोनयन गरेका दुई जना — सदस्य

ज. नगरपालिकाका कार्यकारी प्रमुख/गाउँ विकास समितिका सचिव — सदस्य सचिव

(३) उपदफा (२) (च) र (छ) बमोजिम मनोनयन गर्दा कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

(४) उपदफा (२) (च) र (छ) बमोजिमका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपदफा (२) (ख), (घ), (च) र (छ) बमोजिमका सदस्यहरू नगर/गाउँ परिषद्ले मनोनयन नगरेसम्मका लागि नगरपालिकाका प्रमुख/गाउँ विकास समितिका अध्यक्षले मनोनयन गरेका व्यक्ति सदस्य रहने छन् ।

(६) प्रत्येक नगरपालिका/गाउँ विकास समितिमा आवश्यकता अनुसार स्थानीय विपद् व्यवस्थापन समितिले वडा सदस्यको संयोजकत्वमा वडास्तरीय विपद् व्यवस्थापन उप समिति गठन गरी काम, कर्तव्य र अधिकार तोकिदिन सक्नेछ ।

३२. **स्थानीय विपद् व्यवस्थापन समिति तथा स्थानीय निकायको काम, कर्तव्य र अधिकार** : स्थानीय विपद् व्यवस्थापन समिति तथा स्थानीय निकायको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रमुख जिल्ला अधिकारीलाई विपद् व्यवस्थापनका सम्बन्धमा आवश्यक सहयोग पुऱ्याउने,

(ख) स्थानीय निकायहरूमा कार्यरत सबै कर्मचारीहरूलाई विपद् सम्बन्धी प्रशिक्षण दिने, दिलाउने,

(ग) निश्चित समयको अन्तरालमा विपद्सम्बन्धी प्रशिक्षण, तालिम आदिलाई अद्यावधिक गर्ने,

(घ) विपद् व्यवस्थापनका लागि नगरपालिकारगाउँ परिषद्बाट पारित गराई बजेट विनियोजन गर्ने,

(ङ) विपद्सम्बद्ध सबै आर्थिक स्रोतहरू तत्काल प्रयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने,

(च) सरकारी तथा स्थानीय निकायहरूले बनाई लागू गरेको निर्देशिका अनुसार भौतिक संरचना निर्माण गर्ने, गराउने,

(छ) प्रभावितक्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,

(ज) परिषद्को निर्देशन अनुसार पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यहरू गर्ने, गराउने एवं आवश्यकता अनुसार सहयोग पुऱ्याउने,

(झ) स्थानीय गैह्रसरकारी संघ संस्था, जनसमुदाय, सामाजिक कार्यकर्ता, व्यक्ति तथा विपद्वाट प्रभावित वा सम्भाव्य प्रभावित समुदायहरूसमेतको संलग्नतामा देहायका अवधारणाहरू समेतलाई समेटी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने :

(१) स्थानीय क्षेत्रमा विपद् जोखिम न्यूनीकरणका अवधारणा तथा सिद्धान्तहरू समेतलाई समेट्ने,

(२) विपद् जोखिम न्यूनीकरणमा स्थानीय पदाधिकारीको भूमिका तथा उत्तरदायित्व प्रतिविम्बित गर्ने,

(३) स्थानीय पदाधिकारीको भूमिका तथा उत्तरदायित्व पूरा गर्न आवश्यक क्षमता अभिवृद्धि गर्ने कार्यक्रम राख्ने,

(४) विपद् जोखिम न्यूनीकरणका रणनीतिहरू स्पष्ट हुने गरी बनाउने,

(५) पुनर्स्थापना तथा पुनर्निर्माणको अवस्थामा लाग्ने खर्च सहितको सङ्कटकालीन रणनीति प्रष्ट हुने गरी बनाउने,

(ञ) सम्बद्ध सबै सरोकारवाला तथा जिल्लास्तरीय सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरूसित समन्वय गरी विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा गर्ने तथा तर्जुमा भएका योजनाहरू कार्यान्वयन गर्ने, गराउने,

(ट) विपद् जोखिम न्यूनीकरण योजनाको नियमित समीक्षा गरी अद्यावधिक राख्ने,

(ठ) आफूले निर्माण गरेको स्थानीय विपद् जोखिम न्यूनीकरण योजनाको प्रतिलिपि परिषद् र जिल्ला विपद् व्यवस्थापन समितिलाई पठाउने,

(ङ) जिल्ला विकास समितिले तोकिदिए बमोजिम जिल्लास्तरीय योजनासँग विपद् व्यवस्थापन योजना समायोजन गर्ने,

(ढ) सङ्कटकालीन तयारीको लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(ण) स्थानीयस्तरमा आपतकालीन योजना तथा कार्यविधि बनाई लागू गर्ने, गराउने,

(त) स्थानीयस्तरीय सङ्कट नक्सा बनाउने, बनाउन लगाउने,

(थ) उल्लिखित कार्ययोजनाहरू सम्पन्न गर्न नेपाल सरकार, परिषद्, जिल्ला विकास समिति एवं सम्बद्ध सरोकारवालाहरूसँग आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने ।

३३. **स्थानीय विपद् व्यवस्थापन कोष** : (१) प्रत्येक स्थानीय विपद् व्यवस्थापन समितिको एक छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ र कोषको सन्चालन स्थानीय विपद् व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(२) कोषको पूर्ण विवरण प्रत्येक वर्ष गाउँ विकास समितिको कोषको लेखापरीक्षणको प्रक्रिया अनुसार लेखापरीक्षण गरी जिल्ला विपद् व्यवस्थापन समितिमार्फत परिषद्मा पठाउनु पर्नेछ ।

परिच्छेद - ७
सुरक्षा निकाय, संघ संस्था, कलकारखाना तथा निति क्षेत्रहरूको कर्तव्य

३४. **नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा वारूणयन्त्रसेवाको काम, कर्तव्य** : (१) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा वारूणयन्त्रसेवाले प्रमुख जिल्ला अधिकारीको सुपरीवेक्षणमा पूर्वचेतावनी दिने, खोजी तथा उद्धार कार्य गर्ने तथा राहत वितरण कार्य तदारूकताका साथ सम्पन्न गर्न सहयोग गर्नु पर्नेछ ।

(२) कुनै स्थानमा विपद् परेमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा वारूणयन्त्रसेवाका प्रमुखले प्रमुख जिल्ला अधिकारीलाई तत्कालै खबर गर्नुपर्नेछ र प्रमुख जिल्ला अधिकारीले सङ्कटकालीन उद्धार तथा राहत उपलब्ध गराउन दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

३५. **विपद् उद्धार समूहको गठन** : परिषद्ले विपद् व्यवस्थापनसम्बन्धी कार्य सम्पन्न गर्नका लागि एक विपद् उद्धार समूह गठन गर्न सक्नेछ । यस्तो समूहको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३६. **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, स्थानीय संघ संस्था, जनसमुदाय, निजीक्षेत्र तथा व्यक्तिहरूको काम, कर्तव्य** : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, स्थानीय संघ संस्था, जनसमुदाय, निजीक्षेत्र तथा व्यक्तिहरूको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) विपद् व्यवस्थापनको कार्यमा परिषद्, जिल्ला विपद् व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारी, स्थानीय विपद् व्यवस्थापन समिति तथा स्थानीय निकायलाई आवश्यक सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपतकालीन तालिम तथा विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने, भाग लिने,

(घ) उद्धार तथा राहत वितरण कार्यमा आवश्यक सहयोग गर्ने,

(ङ) विस्तृत तथ्य र तथ्याङ्क सङ्कलन, हानी नोक्सानीको मूल्याङ्कन र पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा परिषद् तथा प्रमुख जिल्ला अधिकारीलाई सहयोग गर्ने,

(च) परिषद्, जिल्ला विपद् व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारी, स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यक पर्ने अन्य सहयोग गर्ने ।

३७. **उद्योग तथा कलकारखानाको काम, कर्तव्य** : (१) यस ऐनअन्तर्गत उद्योग तथा कलकारखानाको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) परिषद्, जिल्ला विपद् व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारी एवं स्थानीय विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन कार्यमा आवश्यक सहयोग गर्ने,

(ख) आफ्ना कर्मचारी तथा कामदारहरूलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम दिने, दिलाउने,

(ग) विपद् व्यवस्थापन कार्यमा उपयोगी हुने स्थानीयस्तरमा उपलब्ध स्रोत एवं साधनहरूलाई तयारी हालतमा राख्ने,

(घ) नेपाल सरकार, परिषद् तथा प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवनहरू तथा अन्य संरचनाहरू आपतकालीन उपयोगको लागि आवश्यक परेमा उपलब्ध गराउने,

(ङ) प्रमुख जिल्ला अधिकारीको सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(च) विस्तृत तथ्य र तथ्याङ्क सङ्कलन, हानी नोक्सानीको मूल्याङ्कन र पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा परिषद् तथा प्रमुख जिल्ला अधिकारीलाई सहयोग गर्ने,

(छ) विपद् जोखिमयुक्त उद्योग आदिको स्थापनाका बखतमा नै विपद् नियन्त्रण र ब्यवस्थापनका लागि सबै किसिमको संयन्त्रको व्यवस्था र जडान एवं सन्चालन तयारी अवस्थामा राख्ने,

(ज) परिषद् तथा प्रमुख जिल्ला अधिकारीलाई आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउने ।

(२) परिषद्, सरकारी तथा स्थानीय निकायहरूको विपद् व्यवस्थापन योजनालाई समेत दृष्टिगत गर्दै उद्योग तथा कलकारखानाहरूले विपद् व्यवस्थापन योजना बनाई लागू गर्नु पर्नेछ ।

परिच्छेद - ८
विपद्सम्भाव्य क्षेत्र

३८. **विपद्सम्भाव्य क्षेत्रको घोषणा** : (१) एक भन्दा बढी जिल्लामा विपद्को सम्भाव्य जोखिम देखिएमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूबाट निर्णय भई विपद् सम्भाव्यक्षेत्र घोषणा गर्नका लागि नेपाल सरकार र परिषद्लाई संयुक्त रूपमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) आफ्नो जिल्लाभित्र विपद्को सम्भाव्य जोखिम देखिएमा सोही जिल्लाका प्रमुख जिल्ला अधिकारीले विपद् सम्भाव्यक्षेत्र घोषणा गर्नको लागि नेपाल सरकार र परिषद्लाई प्रतिवेदन पठाउनु पर्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीको प्रतिवेदन र परिषद्को सिफारिस वमोजिम नेपाल सरकारले विपद् सम्भाव्यक्षेत्र घोषणा गरेको अवस्थामा परिषद्ले देहाय बमोजिमको कार्य गर्नुपर्नेछ :(

क) विपद् रोक्ने उपायहरू अपनाउन समन्वय गर्ने,

(ख) तत्काल उद्धार तथा राहतका कार्यहरू गर्न, गराउन पूर्वतयारी गर्ने,

(ग) विपद् व्यवस्थापनमा यस ऐन अन्तर्गत परिषद्ले गर्नु पर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने ।

परिच्छेद - ९
कसुर तथा दण्डसजाय

३९. **कसुर तथा दण्डसजाय** : (१) देहायको कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर मानिनेछ:

(क) यस ऐन अन्तर्गतको कर्तव्य पालना गर्न नेपाल सरकार वा प्रमुख जिल्ला अधिकारीलाई वाधा पुऱ्याएमा वा मनासिव अधार विना नेपाल सरकार वा प्रमुख जिल्ला अधिकारीको निर्देशन पालना नगरेमा,

(ख) यस ऐन अन्तर्गतको कर्तव्य पालना गर्न परिषद्, समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानिय विपद् व्यवस्थापन समिति तथा सो अन्तर्गतका उपसमितिहरुलाई बाधा पुऱ्याएमा,

(ग) कुनै वैज्ञानिक आधारविना विपद् घट्न सक्ने लगायत अन्य अफवाह फैलाई समुदायको शान्ति सुरक्षामा खलल् पुऱ्याएमा,

(घ) नेपाल सरकार, परिषद् तथा प्रमुख जिल्ला अधिकारी समक्ष झुट्टा दाबी गरेमा,

(ङ) कसैले यस ऐन अन्तर्गत तोकिएको कर्तव्य पालना नगरेमा,

(च) यस ऐन अन्तर्गतका अन्य गर्नुपर्ने कार्य नगरेमा वा गर्नु नहुने कार्य गरेमा ।

(२) उपदफा (१) अनुसारको कसुर कसैले गरेमा निजलाई कसुरको मात्रा अनुसार ६ महिनासम्म कैद वा १५,०००/– रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

(३) यस ऐन विपरीतको कार्य कुनै पनि सरकारी निकाय, सैठित संघ संस्था वा कम्पनीले गरेमा सो निकाय, संस्था वा कम्पनीको तर्फबाट कार्य गर्ने व्यक्ति नै व्यक्तिगत रूपमा उपदफा (२) बमोजिमको सजायको भागी हुनेछ ।

तर सो व्यक्तिले उल्लिखित ऐन विपरीतको कार्यबाट हानी नोक्सानी हुनेछ भन्ने मनसाय नराखी र अज्ञानताबश गरेको प्रमाणित गरेमा उल्लेख गरे बमोजिमको सजायको भागी हुनेछैन ।

(४) उपदफा (३) बमोजिमको कार्य सरकारी निकाय वा संघ संस्थाका प्रमुख वा कम्पनीको व्यवस्थापक, सन्चालक वा कम्पनी सचिवको सहमतिमा भएको प्रमाणित भएमा त्यस्तो निकाय वा संघ संस्थाका प्रमुख वा कम्पनीको व्यवस्थापक, सन्चालक वा कम्पनी सचिव पनि उपदफा (२) बमोजिम सजायका भागिदार हुनेछन् ।

परिच्छेद - १०
विविध

४०. **मिनाहा दिने** : विपद् व्यवस्थापन कार्यको लागि सरकारी कार्यालय वा संस्थाहरूबाट खर्च भएका सामग्री, साधन, स्रोत एवं नगद रकम नेपाल सरकारले मिनाहा दिन सक्नेछ ।

४१. **वार्षिक प्रतिवेदन** : (१) परिषद्ले विगतवर्षको प्रगति विवरण तथा आगामी वर्षमा सन्चालन गरिने कार्यक्रम समेत उल्लेख गरी विस्तृत प्रगति विवरण तोकिएको ढाँचा सहितको वार्षिक प्रतिवेदन नेपाल सरकारमा पेश गर्नुपर्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिमको विवरण राष्ट्रिय सञ्चार माध्यमबाट सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

(३) जिल्ला विपद् व्यवस्थापन समितिले उपदफा (१) को वार्षिक प्रतिवेदन परिषद्मा पेश गर्नुपर्ने छ । यस्तो प्रतिवेदन नपठाएमा प्रमुख जिल्ला अधिकारी स्वयं जिम्मेवार हुनेछ ।

४२. **जुनसुकै स्थानमा प्रवेश गर्न सक्ने** :कार्यकारी निर्देशक, प्रमुख जिल्ला अधिकारी वा परिषद्बाट खटाइएका कुनै पनि कर्मचारीले यस ऐनको कार्यान्वयनको संदर्भमा विपद् सम्भाव्यक्षेत्र वा सङ्कटग्रस्त क्षेत्रभित्रका जुनसुकै स्थान, भवन आदिमा आवश्यकता अनुसार प्रवेश गर्न सक्नेछ ।

४३. **अधिकार प्रत्यायोजन** : (१) नेपाल सरकारले यस ऐन अन्तर्गत प्राप्त अधिकार आवश्यकता अनुसार लिखितरूपमा परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले यस ऐन कार्यान्वयनको सिलसिलामा यस ऐन अन्तर्गत प्राप्त अधिकारमध्ये केही आवश्यकता अनुसार लिखित रूपमा उपसमिति, कार्यकारी निर्देशक, जिल्ला विपद् व्यवस्थापन समिति वा प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले यस ऐन अन्तर्गत प्राप्त अधिकार आवश्यकता अनुसार लिखित रूपमा स्थानीय विकास अधिकारी वा कुनै बरिष्ठ कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४४. **उपसमिति गठन** : परिषद् एवं समितिहरूले यस ऐनअन्तर्गतको कर्तव्य पूरा गर्ने सिलसिलामा आफ्ना सदस्यहरूमध्येबाट विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछन् । उपसमितिहरूले आफ्नो वैठकमा आवश्यकता अनुसार अन्य व्यक्तिहरूलाई समेत आमन्त्रण गर्न सक्नेछन् । यसप्रकार गठित उपसमितिहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४५. **सहयोग रकममा कर नलाग्ने** : विपद् व्यवस्थापनका लागि संस्था एवं व्यक्तिबाट प्रदान गरिएका सहयोगका रकम एवं सामग्रीको मूल्यमा कर छुट दिइने छ ।

४६. **मुद्दा हेर्ने अधिकारी** : यस ऐन अन्तर्गतको कसुर कसैले गरेमा पीडित व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्नेछ र जिल्ला अदालतले दुनियाबादी फौजदारी मुद्दा सरह मुद्दा हेर्नेछ ।

४७. **नियम तथा विनियम बनाउने अधिकार** : (१) यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधिनमा रही परिषद्ले आफ्नो कार्य सन्चालन गर्न आवश्यक विनियम बनाउन सक्नेछ ।

४८. खारेजी र बचाउ : (१) दैवी प्रकोप (उद्धार) ऐन, २०३९ खारेज गरिएको छ ।

(२) दैवी प्रकोप (उद्धार) ऐन, २०३९ अन्तर्गत गरिएका काम कारवाहीहरू यसै ऐनअन्तर्गत भए गरेको मानिने छ ।